मध्यपश्चिम विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय बी.एड. प्रथम सेमेस्टर

अनिवार्य नेपाली (नेपा.शि.४१२) को पाठ्यक्रममा आधारित पाठ्यपुस्तक

# अनिवार्य नेपाली

## बी.एड. प्रथम सेमेस्टर

495
-a
2

लेखक
खुमबहादुर खड्का

ADITYA BOOKS

Mid-Western University
Central Library
Birendranagar, Surkhet

मध्यपश्चिम विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, बी.एड. प्रथम सेमेस्टर अनिवार्य नेपाली (नेपा.शि.५१२) को पाठ्यक्रममा आधारित पाठ्यपुस्तक

# अनिवार्य नेपाली

## बी.एड. प्रथम सेमेस्टर

Mid-Western University
Central Library
Birendranagar, Surkhet

लेखक
खुमबहादुर खड्का
उपप्राध्यापक
शिक्षाशास्त्र केन्द्रीय क्याम्पस
मध्यपश्चिम विश्वविद्यालय, सुर्खेत

प्रकाशक तथा वितरक
**आदित्य बुक्स एन्ड डिस्ट्रिब्युटर्स**
बागबजार, काठमाडौं ।

# विषयसूची

**एकाइ: १ शब्द र शब्द निर्माण** १-३६

**१.१ शब्द स्रोत** १

**१.२ शब्दवर्ग**

१.२.१ नाम

१.२.२ सर्वनाम

१.२.३ विशेषण

१.२.४ क्रिया

१.२.५ क्रियायोगी

१.२.६ नामयोगी १०

१.२.७ संयोजक ११

१.२.८ विस्मयादिबोधक १२

१.२.९ निपात १२

**१.३ शब्द बनोट** १३

१.३.१ सर्ग प्रक्रियाबाट शब्द निर्माण १३

१.३.२ समास प्रक्रिया र शब्द निर्माण २५

१.३.३ द्वित्व प्रक्रिया र शब्द निर्माण २९

१.३.४ मिश्रण प्रक्रिया र शब्द निर्माण ३०

१.३.५ संक्षेपीकरण र शब्द निर्माण ३०

१.३.६ सन्धि प्रक्रिया र शब्दनिर्माण ३०

**अभ्यास** ३५

**वस्तुगत बहुवैकल्पिक प्रश्न** ३५

३६

एकाइ: ८ निबन्ध लेखन ९१-९७

८.१ निबन्धको परिचय ९१
८.२ निबन्धका प्रकार : ९१
अभ्यास ९७

एकाइ: ९ साहित्य कृतिको अध्ययन ९८-१९९

९.१ कविता/गीत/गजल खण्ड ९८
९.२ नेपाली निबन्ध खण्ड १०८
९.३ नेपाली नाटक १६४
अभ्यास १९८
बहुवैकल्पिक प्रश्न १९८
विषयगत प्रश्न १९९

सन्दर्भ ग्रन्थसूची २००
परिशिष्ट 'क' २०२
पाठ्यपुस्तक २०७
परिशिष्ट 'ख' २०८
सत्रान्त परीक्षामा सोधिएका प्रश्नहरू २०८
☑ अन्तिम परीक्षा – २०७६ २०८
☑ अन्तिम परीक्षा – २०७६ २१०
☑ सत्रान्त परीक्षा – २०७८ २१२
☑ सत्रान्त परीक्षा – २०७८ २१४

☑☑☑

एकाइ १

# शब्द र शब्द निर्माण

## १.१ शब्द स्रोत

एक वा एकभन्दा वढी अक्षरबाट बन्ने भाषिक एकाइलाई शब्द भनिन्छ शब्दले कुनै पनि वस्तु, व्यक्ति, जाति, समूह एवम् धारणालाई बुझाउने काम गर्दछ । भाषामा त्यस्ता शब्दहरू केही आफ्नै ठेट स्वरूपका हुन्छन् भने कतिपय शब्द विभिन्न भाषाबाट आएका हुन्छन् । यसरी शब्दको उत्पत्ति भएको मुहान वा शब्द आउने ठाउँलाई शब्दस्रोत भनिन्छ । नेपाली भाषाको जननी संस्कृत भाषा हो । संस्कृत स्रोतबाट नेपालीमा आएका शब्दलाई मौलिक शब्द भनिन्छ । अन्य भाषाका स्रोतबाट आएका शब्दलाई आगन्तुक शब्द भनिन्छ शब्द स्रोतका आधारमा शब्दहरू निम्नलिखित दुई किसिमका हुन्छन् :

**१. मौलिक शब्द**

नेपाली भाषाको मूलस्रोत संस्कृत भाषा हो । यो मूलस्रोतबाट नेपालीमा आएका शब्दलाई मौलिक शब्द भनिन्छ । यसका तत्सम र तद्भव गरी दुई भेद छन् :

(क) **तत्सम शब्द** : संस्कृत भाषाबाट रूप नफेरिकन जस्ताको तस्तै नेपालीमा आएका शब्दलाई तत्सम शब्द भनिन्छ । यस्ता शब्दलाई नेपालीमा पनि संस्कृतमा जस्तै लेखिन्छ । यसको वर्णविन्यास र प्रयोग संस्कृतकै नियमानुसार गर्नुपर्छ । जस्तै :

| संस्कृत | नेपाली |
|---|---|
| सूर्य, पृथ्वी, किरण, कविता, शीर्षक, दृश्य, दर्शन, विवेक, मनुष्य, पाषण, प्राचीन, नवीन, विधा, विद्युत, कक्षा, क्षीण, ऋषि, ऋतु, बृद्ध, सृष्टि, बुद्ध | सूर्य, पृथ्वी, किरण, कविता, शीर्षक, दृश्य, दर्शन, विवेक, मनुष्य, पाषाण, प्राचीन, नवीन, विद्या, विद्युत, कक्षा, क्षीण, ऋषि, ऋतु, बृद्ध, सृष्टि, बुद्ध |

(ख) **तद्भव** : संस्कृत स्रोतबाट लामो समय पार गरी रूप फेरिएर प्राकृत अपभ्रंश हुँदै नेपालीमा आएका शब्दलाई तद्भव शब्द भनिन्छ ।

जस्तैः

| संस्कृत | प्राकृत | नेपाली (तद्भव) |
|---|---|---|
| दुग्ध | दुद्द | दूध |
| पत्र | पत्र | पात |
| मित्र | मित्र | मित |
| भक्त | भत्त | भात |
| अद्य | अज्ज | आज |
| सत्य | सच्च | साँचो |
| अग्नि | अग्गि | आगो |
| अश्रु | अस्सु | आँसु |
| कार्य | कज्ज | काज |
| भगिनी | भइणी | बहिनी |
| तिक्त | तित्त | तीतो |

**(ग) आगन्तुक :** संस्कृत स्रोत बाहेक अन्य भाषाबाट काम चलाउन नेपालीमा ल्याइएका शब्दलाई आगन्तुक शब्द भनिन्छ । नेपाल भित्रकै विभिन्न भाषा र नेपाल बाहिरका अन्य भाषाहरू आगन्तुक स्रोत हुन् यसर्थ यसलाई स्वदेशी आगन्तुक विदेशी आगन्तुक गरी दुई प्रकारमा विभाजन गर्न सकिन्छ । यस्ता शब्दको वर्णविन्यास नेपाली उच्चारण र प्रयोग अनुसार गर्नुपर्छ । स्वदेशी र विदेशी भाषाबाट नेपालीमा आएका आगन्तुक शब्दहरू निम्न लिखित छन् :

**(अ) स्वदेशी आगन्तुक शब्द :** नेपालभित्रै बोलिने विभिन्न भाषाहरू छन् । ती भाषाबाट शब्दहरूलाई स्वदेशी आगन्तुक शब्द भनिन्छ ।

**जस्तै :**

**नेवारी :** पसल, पर्खाल, कौसी, क्वाँटी, सुकुल, चाकु, बुईंगल, छिँडी, लाखे, सिकर्मी, डकर्मी, भ्याल, ढोका

**मगर:** आँसी, थुन्से, पटुका, मादी, रिडी, जाँड, रक्सी, बाउसे आदि ।

**गुरूङ :** खुर्पा, घुम, घले, रोदी, राडी, गुरूङ्सेनी, थुन्से आदि ।

**तामाङ:** डम्फु, सेलो, मैच्याङ, च्याङ्ग्रा, घ्याङ आदि ।

सेर्पा : वख्खु, दोचा, च्याङ्ग्रा, यति, लामा, थुक्पा, डाँफे

**(आ) विदेशी आगन्तुक :** नेपालभन्दा बाहिर विभिन्न देशका भाषाबाट नेपालीमा भित्रिएका शब्दलाई विदेशी आगन्तुक शब्द भनिन्छ । केही विदेशी आगन्तुक शब्दहरू यस प्रकार छन् :

**हिन्दी :** कच्चा, बच्चा, पहिचान, बहुत, कहावत, कपर्दी, क्यानाम, समसेकम, मालुम, दिवाना, आपस, अन्धाधुन्ध

फारसी: सितारा, दिल, दिल्लगी, गुलाफ, तकिया, वापस दरबार, सरकार, होस, हप्ता, अनार, अन्दाज, जुल्फी

**अरबी :** किताब, हिसाब, अख्तियार, अखबार, आखिर, इसारा, अदालत, कानुन, कागज, हाकिम, गरिब, जागिर, दुनियाँ, जुलुस

**अङ्ग्रेजी** : रेडियो, स्कुल, कोट, कप, सिनेमा, सुटकेस, ज्याकेट, चकलेट, सिगरेट, ग्याँस, इन्जिन, एक्सरे, टेबल, टेलिफोन, टेलिभिजन, मोटर, बस, क्यामेरा, फिल्म, फोटो, डाक्टर, नर्स

ग्रीक/ल्याटिन : थेसिस, थर्मस, थ्योरी, फिलोसफी क्याम्पस, क्यालेन्डर, डिपोजिट, बोनस, मिसन, प्रोफेसन, स्टुडियो ।

**जापानी:** होन्डा, यामाहा, हिरोसिमा, सुजुकी, रिक्सा, जुडो, **कराँते तुर्की :** कैंची, गलैंचा, चक्कु, चम्चा, तक्मा, तोप, लास, लफङ्गा, बहादुर, कुल्ली फ्रान्सेली :कुपन, पुलिस, बिगुल, कर्फ्यु, कार्टुन चिनियाँ : चाउचाउ, चाउमिन, मोमो

## १.२ शब्दवर्ग

भाषाका शब्दहरूलाई विभिन्न आधारमा समूहीकरण गर्नुलाई शब्दवर्ग भनिन्छ । शब्दहरूलाई रूप चल्ने र नचल्ने आधारमा विकारी वर्ग (नाम, सर्वनाम, विशेषण र क्रिया) र अविकारी वर्ग (अव्यय) गरी दुई वर्गमा विभाजन गर्न सकिन्छ । वाक्यमा प्रयुक्त शब्दले खास खास किसिमको कार्य गरेका हुन्छन् । वाक्यमा कर्ता, कर्म र पुरकको काम गर्ने शब्दहरूलाई नाम वर्ग अन्तर्गत राखिन्छ । नामिक पदको वर्णन गर्ने र विशेषता बुझाउने शब्दलाई विशेषण भनिन्छ । नामिक पद (नाम र सर्वनाम) को सन्दर्भ जनाउने र त्यसका सट्टामा आउने शब्दलाई सर्वनाम भनिन्छ । नाम वा सर्वनामको कार्य, घटना, प्रक्रिया परिचय वा गतिविधि बुझाउने शब्दलाई क्रिया भनिन्छ । यसैगरी वाक्यमा आएर रीति, परिस्थिति, परिवेश संयोजन आदि थप कुराहरू बुझाउने काम गर्ने शब्द वा पदहरूलाई क्रियायोगी, नामयोगी, संयोजक, विस्मयादिबोधक र निपात अन्तर्गत राखिन्छ । यसरी कार्यका आधारमा शब्दहरूलाई नाम, सर्वनाम, विशेषण, क्रिया, नामयोगी, क्रियायोगी, संयोजक, विस्मयादिबोधक र निपात गरी नौ प्रकारमा विभाजन गर्न सकिन्छ ।

## १.२.१ नाम

कुनै पनि व्यक्ति, वस्तु, स्थान, अवस्था र भाव बुझाउने शब्दलाई नाम भनिन्छ। यसले वाक्यमा कर्ता, कर्म र पुरक भई काम गर्दछ। जस्तैः

**कर्ता :** गोविन्द पढ्दै छ। दिनेश डुल्छ।

**कर्म :** गोविन्दले हरिलाई कुट्यो। उसले कविता लेख्यो।

**पुरक :** विनोद डाक्टर हो। म विद्यार्थी हुँ।

**नामका प्रकार**

**(क) परम्परागत व्याकरण अनुसार नाम**

१. व्यक्तिवाचक नाम : कृष्ण, राम, सीता, कुसुम, सरिता, भानुभक्त, शकुन्तला, माछापुच्छ्रे, कञ्चनजङ्घा, सगरमाथा, कर्णाली, भेरी, गण्डकी, काठ, दराज आदि।

२. जातिवाचक नाम : गाई, फूल, मान्छे, नदी, हिमाल, पहाड, पुस्तक, पन्छी, रूख, देश आदि।

३. समूहवाचक नाम : कक्षा, जमात, बथान, हुल, ताँती, जन्ती, भिड, जुलुस, गण, दल, वर्ग, गण्डा आदि।

४. द्रव्यवाचक नाम : सुन, चाँदी, फलाम, हिरा, मोती, दुध, दही, घिउ, पानी, तेल, चामल, धान, नुन, बेसार, दाल

५. भाववाचक नाम : दया, माया, रिस, ईर्श्या, घृणा, विश्वास, कृपा, भरोसा, वीरता, धैर्य, मानवता, राष्ट्रियता, जवानी, बुढ्याइ, बसाइँ, पढाइ, लेखाइ।

**(ख) आधुनिक व्याकरणअनुसार नाम**

१. **मानवीय र मानवेतर नाम**

मानव : रामचन्द्र, दिनेश, प्रकाश, हरि, किशोर, गीता, कविता, राधा, प्रमिला, चमेली

मानवेतर : कलम, किताब, कापी, झोला, खाट, दराज, ढुङ्गा, हात्ती, बाघ, कुकुर

२. **सजीव र निर्जीव नाम**

**सजीव नाम :** मानिस, गाई, सिंह, मयुर, परेवा, बाख्रा, कुकुर, ढुकुर, सुगा

**निर्जीव नाम :** काठ, ढुङ्गा, झ्याल ढोका, ठेकी, कलम, किताब, जुत्ता, कपडा, पहाड

३. **सङ्ख्येय र असङ्ख्येय नाम**

**सङ्ख्येय नाम :** कलम, मानिस, विद्यार्थी, घर, बेन्च, झोला, इटा, चरा, पैसा

**असङ्ख्येय नाम :** पानी, हावा, चामल, मसी, प्रेम, दया, माया, जवानी, सुख, दुःख

४. **मूर्त र अमूर्त नाम**

**मूर्त नाम :** घर, मानिस, टोपी, भैंसी, पहाड, हिमाल, काठ, ढुङ्गा, मैना, डाँफे

**अमूर्त नाम :** माया, दया, प्रेम, वात्सल्य, सदाचार, बुद्धि, पढाइ, यौवन, गरिबी, खुसी

**नामका कार्य :**

- नाम वाक्यमा कर्ता भएर आउँछ।
  जस्तैः मुकुन्द पढ्छ। रूख ढल्यो।
- नामले वाक्यमा कर्मको काम गर्छ।
  जस्तैः गुरूले रामलाई पिट्नु भयो।
  मैले चिठी लेखे।
- नामले वाक्यमा पूरकको काम गर्छ।
  जस्तै : ऊ विद्यार्थी हो। हरि शिक्षक भयो।
- नामले कारकको समेत काम गर्छ।
  जस्तै : पुष्कर चम्चाले भात खान्छ। (करण कारक)
  झोलामा किताब छ। (अधिकरण कारक)

## १.२.२ सर्वनाम

नामको सट्टामा प्रयोग हुने शब्दलाई सर्वनाम भनिन्छ। यसले कथनमा पटकपटक आउन सक्ने नामको पुनरावृत्ति रोक्छ। यसले कतिपय अवस्थामा पदावली र वाक्यका सट्टामा समेत काम गर्छ। यसर्थ नाम, पदावली र वाक्यकै सट्टामा प्रयोग हुने शब्दलाई सर्वनाम भनिन्छ। जस्तैः म, हामी, तिमी, ऊ, उनी, उहाँ तँ, तिमी त्यहाँ, आदि।

**सर्वनामका कार्य**

- सर्वनामले नामका सट्टामा काम गर्छ।
  जस्तैः वासुदेव कवि हुन्। <u>उनका</u> दुईवटा कविता सङ्ग्रह प्रकाशित छन्। कमल किसान हो। <u>ऊ</u> अर्गानिक खेती गर्छ।

- सर्वनामले पदावलीको पुनरावृत्तिलाई रोक्छ ।
  जस्तैः अनुशासनहीन विद्यार्थीहरू हल्ला गर्दछन् । तिनीहरू अनुत्तीर्ण हुन्छन् ।
- सर्वनामले वाक्यकै पुनरावृत्तिलाई पनि रोक्छ ।
  जस्तैः हरि मिहिनेत गरेर पढ्छ । यो बानी राम्रो हो । बुवाले आमालाई पिट्नु भएछ । त्यसले मलाई दुःखी वनायो ।
- सर्वनामले कर्ताका रूपमा पनि काम गर्छ ।
  जस्तैः ऊ असल छ । उहाँले धान काट्नु भयो ।
- सर्वनामले प्रथम, द्वितीय र तृतीय पुरूष भएर काम गर्छ ।
  प्रथम पुरूष : म, हामी
  द्वितीय पुरूष : ती, तिमी, तपाई
  तृतीय पुरूष : ऊ, उनी उहाँ
- सर्वनामले कर्मको काम गर्छ ।
  जस्तैः अनिलले मलाई किताब दियो । कालेले तँलाई पिट्यो ।
- सर्वनामले वचनको सङ्केत गर्छ ।
  म - एकवचन
  हामी - बहुवचन

**सर्वनामका प्रकार :**

१. **पुरूषवाचक सर्वनाम**
   प्रथम पुरूष : म, हामी
   द्वितीय पुरूष : तँ, तिमी, तपाई, हजुर, यहाँ
   तृतीय पुरूष : ऊ, उनी, उहाँ, यो, यी, त्यो, ती आदि ।
२. **दर्शकवाचक सर्वनाम** : यो, यी, त्यो, ती, यहाँ, त्यहाँ, आदि
३. **सम्बन्धवाचक सर्वनाम** : जो, जे, जुन, जोसुकै, जुनसुकै, जेसुकै
४. **प्रश्नवाचक सर्वनाम :** को, के , कुन, कोही
५. **निजवाचक सर्वनाम** : आफू, आफै, स्वयम
६. **पारस्परिक सर्वनाम** : आ-आफू, एकअर्का, एकआपस

## १.२.३ विशेषण

नाम वा सर्वनामको गुण, दोष, अवस्था, परिणाम, सङ्ख्या आदि जस्ता विशेषता बुझाउने शब्दलाई विशेषण भनिन्छ । नामिक पदमा कुन, कत्रो, कति र कस्तो भनेर प्रश्न गर्दा उत्तर आउने शब्दलाई नै विशेषण हो । यसले नामिक पदको अर्थलाई स्पष्ट पार्ने, विशिष्ट बनाउने र सीमित पार्ने काम गर्छ । जस्तैः ठूलो, धेरै, रातो, मोटो, गोरो, सुनौलो, सेता, प्रशस्त, सम्पूर्ण, दुई, तीन, यी, यही आदि ।

**विशेषणका कार्य**

- विशेषणले नामका अगाडि आएर नामको विशेषता बताउने काम गर्छ ।
  जस्तैः ठूला अक्षर । सुनौला हिमाल । खराव केटो ।
- विशेषणले पूरक भएर काम गर्छ । जस्तैः हरि वाठो छ । ऊ अग्लो छ ।
- विशेषणले भदेकको काम गर्छ । जस्तै : उसकी बहिनी । मेरो भाइ ।
- विशेषणले तुलनावाची भएर काम गर्छ । जस्तैः बृहत, बृहत्तर, बृहतम, लघु, लघुतर, लघुतम्, भन्दा, सवैभन्दा उच्च, उच्चतर, उच्चतम

**विशेषणका प्रकार :**

**(क) गुणबोधक विशेषण**

- आकार बुझाउने : सानो, ठूलो, गोलो, चुच्चे, लम्चो, नेप्टे
- गुण बुझाउने : असल, खराब, चलाख, कन्जुस, शान्त, चकचके, मिहिनेती
- अवस्था बुझाउने : गरिब, धनी, कमजोर, बलियो, दुब्लो, बूढो, जवान
- रङ बुझाउने : रातो, निलो, कालो, सेता, हरियो, सुनौलो
- काल बुझाउने : नयाँ, पुरानो, प्राचीन, आधुनिक, मासिक, वार्षिक
- पदार्थ बुझाउने : फालामे, पित्तले, घरेलु, उनी
- स्थान बुझाउने : पूर्वेली, पाल्पाली, झापाली, दैलेखी

**(ख) परिमाणबोधक विशेषण**

थोरै, धेरै, अलिकति, बढी, घटी, प्रशस्त, आधा, पूरा, सबै, केही तमाम, यति, उति, अधिकांश, प्रायः आदि ।

**(ग) सङ्ख्याबोधक विशेषण :**

दुईचार, एघारौँ, एकोहोरो, दोहोरो, सयौँ, हजारौँ, एउटा, दुइवटा, एकेक, हरेक, प्रत्येक, दोब्बर, तेब्बर, दुगुना, चौगुना

**(घ) सार्वनामिक विशेषण :**

यो, यी, त्यो, ती, तिनै, उही, उनै, जो, जो, जेजे, जासुकै, जस्ता, जस्तो, को, कुन आदि ।

**(ङ) भेदक विशेषण :**

(को, का, की, रो, रा, री, नो, ना, नी)
जस्तैः रामको छोरो बिग्रियो ।
उसकी बहिनी प्रथम भई ।
आफ्ना भाइहरू टाढिए ।

## १.२.४ क्रिया

वाक्यमा कर्ताले गरेको कामका साथै परिचय, अवस्था, घटना, स्थिति र प्रक्रिया बुझाउने पदलाई क्रियापद भनिन्छ। यसले वाक्यमा विधेयका रूपमा आइ अर्थ र संरचनाका दृष्टिले वाक्यलाई पूरा बनाउँछ। जस्तै:

(क) हरिले आँप झार्‍यो। (काम)

(ख) दिनेश दैलेखी हो। (परिचय)

(ग) जेलमा कोचाकोच कैदीहरू छन्। (अवस्था)

(घ) सिसा फुट्यो। (प्रक्रिया)

**क्रियाका कार्य :**

क्रियाले वाक्यमा विधेयको काम गर्छ।

जस्तै: उनीहरू गए।

↑ उद्देश्य ↑ विधेय

क्रियाले कार्यव्यापारका साथै घटना, अवस्था, प्रक्रिया बुझाउँछ।

- क्रियाले वाक्यलाई टुङ्ग्याउँछ।
  जस्तै: तिमीहरू पढ्दै थियौ।
- क्रियाले कर्ताका बारेमा भन्छ।
  जस्तै: विनोद पढ्छ।
  ऊ डाक्टर भयो।
- क्रियाले वाक्यमा लिङ्ग, वचन, पुरूष, आदर, काल, करण, अकरण आदिको सङ्केत गर्छ।

घनश्याम गयो → राधिका गई। (लिङ्ग)

केटो आयो →केटाहरू आए (वचन)

ऊ जान्छ → तँ जान्छस् (पुरूष)

तँ आइज → तपाई आउनुहोस् (आदर)

मनराज कविता लेख्छ → मनराजले कविता लेख्यो (काल)

तिमी उत्तीर्ण हुन्थ्यौ → तिमी उत्तीर्ण हुदैनथ्यौ।



**क्रियाका प्रकार :**

**(क) समापिका क्रिया र असमापिका क्रिया**

समापिका क्रिया : लेख्यो, गयो, हुन्छ, खान्छ, जान्छ, हुनेछ, बन्नेछ।

असमापिका क्रिया : डुल्नु, डुल्दे, बस्नु, बस्दै, खेल्नु, खेल्दै, हेर्नु, हेर्दै, डुलेर, हेरेर, खेलेर, पढेर, भएको, लेखेको

**(ख) मुख्य र सहायक क्रिया**

मुख्य क्रिया : पढ, लेख, हाँसेको, हाँस्दै, लेख्न, लेख्दै

सहायक क्रिया : छ, छु, छौं, थियो, थिए, थियौं, जानेछ, पढ्नेछ, हुनेछ।

**(ग) सरल र संयुक्त क्रिया**

सरल क्रिया : भयो, हुन्छ, हुनेछ, पढ्छ, पिट्छ, दिनेछ

संयुक्त क्रिया : खाइसक्यो, लेखिदियो, गरिदियो, पढ्नुपर्छ, गर्नुपर्छ, लेखिसकी, आइपुग्यो, चिनिदिए पुग्छ, भनिदिए पुग्छ।

**(घ) सकर्मक र अकर्मक क्रिया**

सकर्मक क्रिया : लेख्छ, गर्छ, पढ्छ, खान्छ, दियो, दिनेछ, भयो, गर्‍यो पिट्छ

अकर्मक क्रिया : रोयो, नुहाउँछ, सुत्छ, हाँस्छ, बस्छ, आउँछ, घुम्यो, लड्यो

**(ङ) पूर्ण र अपूर्ण क्रिया**

पूर्ण क्रिया : छ, हो, थियो, हुनेछ

अपूर्ण क्रिया : पढिरहेको, हाँसिरहेको, कुरा गरिरहेको, पढ्दै, डुल्दै

## १.२.५ क्रियायोगी

क्रियाको समय, स्थान, रीति र परिमाणजस्ता विशेषता जनाउने शब्दलदाई क्रियायोगी भनिन्छ। वाक्यमा कहाँ, कहिले, कसरी, कति, किन, जस्ता प्रश्नको उत्तर आउने शब्द क्रियायोगी हुन्। यिनले क्रिया र विशेषणको विशेषता प्रकट गर्दछन्। जस्तै विस्तारै, फटाफट, कहिले, कतिञ्जेल, अगाडि, पछाडि आदि।

**क्रियायोगीका कार्य :**

- यसले क्रियाको विशेषता जनाउँछ। जस्तै: ऊ फटाफट हिड्छ।
- यसले विशेषणको पनि विशेषता जनाउँछ। जस्तै: अति गोरी साह्रै राम्री।
- यसले क्रियाको समय बुझाउँछ। जस्तै: उनीहरू भर्खर आए। तिमी कतिञ्जेल बस्छौ।
- यसले क्रियाको रीति बुझाउँछ। जस्तै: सरासर गएस्। दौडेर आयो। फुत्त भाग्यो।

- यसले क्रियाको परिमाण बुझाउँछ । जस्तैः हात असाध्यै दुख्यो । धान पूरै पसायो । उसले धेरै खायो ।
- यसले क्रियाको स्थान पनि बुझाउँछ । जस्तैः तिमी माथि आऊ । दिपक उता नजाऊ ।

**क्रियायोगीका प्रकार**

(क) **कालवाचक** : हिजो, आज, आजकल, अचेल, सधैं, तुरून्त, भर्खर, आधौं, पोहोर, पढुन्जेल, खाइन्जेल

(ख) **स्थानवाचक** : माथि, मुनि, यता, उता, अगाडि, पछाडि, कहाँ, त्यहाँ, जहां, भित्र, वाहिर

(ग) **रीतिवाचक** : छिटोछिटो, फटाफट, सरासर, भुर्र, फुत्त, अकस्मात्, दौडेर, विनम्रतापूर्वक, भ्वात्त ।

(घ) **परिमाणवाचक** : थोरै, धेरै, असाध्यै, बिलकुल, आंशिक, पूर्णतः, अलिकति, खुव, झन्, अति आदि ।

(ङ) **कारणवाचक** : रिसले, हुनाले, भएकाले, गर्नाले, खेल्न, लेख्न, खान, खानाले

## १.२.६ नामयोगी

नाम, सर्वनाम, विशेषण जस्ता नामिक पदसँग जोडिएर आउने पदलाई नामयोगी भनिन्छ । यिनले वाक्यमा नामिक पदसँग सम्न्ध स्थापित गर्ने, क्रिया र नामपदका वीच सम्वन्ध स्थापित गर्ने, क्रिया र नामपदका बीच सम्वन्ध जोड्ने र कारकहरूलाइ

स्पष्ट पार्ने कार्य गर्दछन् ।जस्तै सित, सँग, तिर, तर्फ, माथि, मुनि, भित्र, बाहिर, सम्म, नेर, विना, वाहेक

**नामयोगीका कार्य :**

- यसले नामिक पदसँग जोडिएर स्थान, काल र प्रयोजन बताउँछ । जस्तैः
  बालक घरभित्र छ । (स्थान)
  फर्सी छानामाथि छ । (स्थान)
  कामका लागि खाद्यान्न (प्रयोजन)
- यसले नामिक पदसग जोडिएर क्रियापदसंग सम्बन्ध स्थापित गर्छ । जस्तैः
  वरनेर मानिसहरू जम्मा भएछन् ।
  रामसंग सुन छ ।
- यसले सहितार्थ र रहितार्थ बुझाउँछ ।
  जस्तैः तिमीसँग टोपी छ ।
  विमल मासुबिना खाना खाँदैन ।
- नामिक पदको समय पनि बुझाउँछ ।
  जस्तैः मैले तिन महिनासम्म कुरें ।
  सीता रामलाई दिनभरी सम्झन्छे ।
  तिमीपछि म आउनेछु ।
- यसले दिशाको संकेत गर्छ । जस्तैः
  पूर्वतिर उज्यालो भयो ।
  म सडकपट्टि सुत्छु ।

**नामयोगीका प्रकार :**

(क) स्थानवाचक : वारि, पारि, भित्र, बाहिर, मुनि, माथि

(ख) दिशावाचक : तिर, तर्फ, पट्टि, नेर

(ग) सहितार्थवाचक : सित, सँग, सहित, समेत, साथै

(घ) रहितार्थकवाचक : बिना, वाहेक, बेगर, सिवाय, अतिरिक्त

(ङ) प्रयोजनवाचक : लागि, निम्ति, खातिर

(च) अनुरूपतावाचक : झैं, तुल्य, समान, सरि, अनुरूप, बमोजिम

## १.२.७ संयोजक

दुई वा दुईभन्दा बढी शब्द, पदावली र उपवाक्यलाई जोड्ने पदलाई संयोजक भनिन्छ । यसले भाषिक एकाइलाई जोड्छ । एक आपसमा संयोजन गर्छ । जस्तैः र, तर, अनि, पनि, वा अथवा, कि, यद्यपि, तथापि, जबतब, जो-त्यो, किनकि, किनभने ।

**संयोजकका कार्य**

- यसले दुई वा दुईभन्दा बढी पदलाई जोड्छ । जस्तैः दुध र मासुसँगै नखाऊ ।
- यसले दुई वाक्यहरूलाई जोड्छ । जस्तैः तिमी घर जाऊ अनि आमालाई पठाऊ ।
- यसले विकल्प पनि बुझाउँछ । जस्तैः कि तिमी जाऊ कि म जान्छु ।
- यसले मुख्य उपवाक्य र अधिन उपवाक्यलाई जोड्छ । जस्तैः जब पानी पर्छ तब हिलो हुन्छ । जहां तिमी त्यहां म हुन्छु ।

**संयोजकका प्रकार**

१. **सापेक्ष र निरपेक्ष संयोजक**

सापेक्ष संयोजक : जब-तब, जो-त्यो, जहाँ-त्यहाँ, जे-त्यो, जसरी-त्यसरी, किनकि, किनभने, भनी, भनेर निरपेक्ष संयोजक : र, तर, अनि, पनि, तापनि, वा, अथवा, या, कि, न, तथापि, यद्यपि, तसर्थ, तथा, एवम् आदि ।

### १.२.८ विस्मयादिबोधक

मानिसका मनमा उत्पन्न हुने हर्ष, आश्चर्य, घृणा, निन्दा, शोक, विस्मृति आदि मनोभाव, बुझाउने अव्यय पदलाई विस्मयादिबोधक भनिन्छ । जस्तैः अहो, अहा, वाह, धन्य, छ्या, छि, ऐया, अबुइ, हरे, हाइ आदि ।

**विस्मयादिबोधकका प्रकार**

१. **आश्चर्यबोधक :** ओहो, आम्मै, ला, अबुइ, हँ आदि
२. **हर्ष र प्रसन्नताबोधक** : स्यावास, धन्य, क्यावात, हुर्रे, वाह
३. **शोकबोधक :** हाय, कठै, हरे, शिवाशिव, ज्या, हाइ
४. **उपहास र तिरस्कारबोधक :** हाहा, उस्, धत्, छि, छ्या
५. **सम्बोधनबोधक :** ए, हरे, एइ, ओ, ओई
६. **अभिवादनबोधक :** नमस्ते, सलाम, सादर नमन, दण्डवत्
७. **निषधबोधक :** अहँ, नाइँ, भो

### १.२.९ निपात

आफ्नो स्वतन्त्र अर्थ नभएका तर वाक्यमा आएर आग्रह, स्वीकृति, निश्चय र अनुभूतिलाई प्रकट गर्ने अव्यय पदलाई निपात भनिन्छ । यिनले वाक्यमा अर्थलाई स्पष्ट पार्ने, जोड दिने र प्रभावकारी बनाउने काम गर्छन् । जस्तैः अ, रे, पो, त, नि, क्यारे, ब्यारे, नै चाइने, खोइ, तपाईंको, लौ, त, ता आदि ।

**निपातका कार्य :**

- यसले वाक्यको अर्थ स्पष्ट पार्छ ।
- यसले पद पदावलीको अर्थमा जोड दिन्छ ।
- यसले आग्रह, स्वीकार, स्मृति, सन्देह, समर्थन, जस्ता कार्य गर्छ ।
- यसले थेगोका रूपमा कार्य गर्छ ।

जस्तैः मैले काम बिगारेको होइन क्यारे । (अर्थ स्पष्ट)
राम काठमाडौं नै जान्छ । (जोड)
तपाईंको मैले त्यस्तो भन्न खोजेको होइन । (थेगो)
अहँ, म अघि सर्दै सर्दिन । (अस्वीकार)



**केही थप निपातहरू**

ल, न, नै, खै, हगि, अँ, चाहिने, हैन, अरे, हजुरको, क्यानाम, केवल, क्या, के, कि, क्यार, आच्या ।

## १.३ शब्द बनोट

शब्दको संरचनालाई शब्द बनोट भनिन्छ । शब्दको संरचना वा बनोट सर्ग, प्रत्यय, द्वित्व, समास आदि प्रक्रियाबाट तयार हुन्छ । यी प्रक्रियाबाट शब्द बनाउँदा आधार तत्वमा अन्य भाषिक तत्व थपिन्छ । शब्दको बनोट थाहा पाउन यसको निर्माण हुने प्रक्रियाका बारेमा जान्नुपर्छ । यसैलाई शब्दबनोट पनि भन्ने गरिन्छ । शब्द निर्माण प्रक्रिया मुख्यतः सर्ग, समास, द्वित्व, मिश्रण, संक्षेपीकरण र सन्धि हुन् । यी प्रक्रियाको चर्चा तल गरिएको छ ।

### १.३.१ सर्ग प्रक्रियाबाट शब्द निर्माण

मूल शब्द वा आधार पदका अगि र पछि गाँसिन आउने भाषिक रूपलाई सर्ग भनिन्छ । सर्ग पनि उपसर्ग र परसर्ग (प्रत्यय) गरी दुई प्रकारका छन् :

**(क) उपसर्गबाट शब्द निर्माण**

कुनै मूल शब्द वा आधार पदका अघि जोडिन आउने भाषिक एकाइलाई उपसर्ग भनिन्छ । आधार पदको अघिल्तिर उपसग थपेर शब्द बनाउने प्रक्रियालाई उपसर्गबाट शब्द निर्माण भनिन्छ । यो शब्दका अघिल्तिर गाँसिने हुँदा यसलाई पूर्व सर्ग पनि भनिएको पाइन्छ । उपसर्गद्वारा निर्मित केही तत्सम र नेपाली (तद्भव) शब्दहरू तल दिइएका छन् :

| उपसर्ग | शब्द निर्माण प्रक्रिया | निर्मित शब्द |
|---|---|---|
| अ | अ+ज्ञान | अज्ञान |
| | अ+समान | असमान |
| | अ+विश्वास | अविश्वास |
| | अ+चेत | अचेत |
| | अ+काल | अकाल |
| अधि | अधि+पति | अधिपति |
| | अधि+राज्य | अधिराज्य |
| | अधि+अक्ष | अध्यक्ष |
| | अधि+करण | अधिकरण |
| | अधि+वक्ता | अधिवक्ता |

**संयोजकका प्रकार**

१. **सापेक्ष र निरपेक्ष संयोजक**

सापेक्ष संयोजक : जब-तब, जो-त्यो, जहाँ-त्यहाँ, जे-त्यो, जसरी-त्यसरी, किनकि, किनभने, भनी, भनेर निरपेक्ष संयोजक : र, तर, अनि, पनि, तापनि, वा, अथवा, या, कि, न, तथापि, यद्यपि, तसर्थ, तथा, एवम् आदि ।

## १.२.८ विस्मयादिबोधक

मानिसका मनमा उत्पन्न हुने हर्ष, आश्चर्य, घृणा, निन्दा, शोक, विस्मृति आदि मनोभाव, बुझाउने अव्यय पदलाई विस्मयादिवोधक भनिन्छ । जस्तैः अहो, अहा, वाह, धन्य, छ्या, छि, ऐया, अबुइ, हरे, हाइ आदि ।

**विस्मयादिबोधकका प्रकार**

१. **आश्चर्यबोधक** : ओहो, आम्मै, ला, अबुइ, हैं आदि
२. **हर्ष र प्रसन्नताबोधक** : स्यावास, धन्य, क्यावात, हुर्रे, वाह
३. **शोकबोधक** : हाय, कठै, हरे, शिवाशिव, ज्या, हाइ
४. **उपहास र तिरस्कारबोधक** : हाहा, उस्, धत्, छि, छ्या
५. **सम्बोधनबोधक** : ए, हरे, एइ, ओ, ओई
६. **अभिवादनबोधक** : नमस्ते, सलाम, सादर नमन, दण्डवत्
७. **निषधबोधक** : अहँ, नाइँ, भो

## १.२.९ निपात

आफ्नो स्वतन्त्र अर्थ नभएका तर वाक्यमा आएर आग्रह, स्वीकृति, निश्चय र अनुभूतिलाई प्रकट गर्ने अव्यय पदलाई निपात भनिन्छ । यिनले वाक्यमा अर्थलाई स्पष्ट पार्ने, जोड दिने र प्रभावकारी बनाउने काम गर्छन् । जस्तैः अ, रे, पो, त, नि, क्यारे, ब्यारे, नै चाइने, खोइ, तपाईंको, लौ, त, ता आदि ।

**निपातका कार्य :**

- यसले वाक्यको अर्थ स्पष्ट पार्छ ।
- यसले पद पदावलीको अर्थमा जोड दिन्छ ।
- यसले आग्रह, स्वीकार, स्मृति, सन्देह, समर्थन, जस्ता कार्य गर्छ ।
- यसले थेगोका रूपमा कार्य गर्छ ।

जस्तैः मैले काम बिगारेको होइन क्यारे । (अर्थ स्पष्ट)
राम काठमाडौं नै जान्छ । (जोड)
तपाईंको मैले त्यस्तो भन्न खोजेको होइन । (थेगो)
अहँ, म अघि सर्दै सर्दिन । (अस्वीकार)



**केही थप निपातहरू**

ल, न, नै, खै, हगि, अँ, चाहिने, हैन, अरे, हजुरको, क्यानाम, केवल, क्या, के, कि, क्यार, आच्या ।

## १.३ शब्द बनोट

शब्दको संरचनालाई शब्द बनोट भनिन्छ । शब्दको संरचना वा वनोट सर्ग, प्रत्यय, द्वित्व, समास आदि प्रक्रियावाट तयार हुन्छ । यी प्रक्रियावाट शब्द बनाउँदा आधार तत्वमा अन्य भाषिक तत्व थपिन्छ । शब्दको वनोट थाहा पाउन यसको निर्माण हुने प्रक्रियाका वारेमा जान्नुपर्छ । यसैलाई शब्दबनोट पनि भन्ने गरिन्छ । शब्द निर्माण प्रक्रिया मुख्यतः सर्ग, समास, द्वित्व, मिश्रण, संक्षेपीकरण र सन्धि हुन् । यी प्रक्रियाको चर्चा तल गरिएको छ ।

### १.३.१ सर्ग प्रक्रियाबाट शब्द निर्माण

मूल शब्द वा आधार पदका अगि र पछि गाँसिन आउने भाषिक रूपलाई सर्ग भनिन्छ । सर्ग पनि उपसर्ग र परसर्ग (प्रत्यय) गरी दुई प्रकारका छन् :

**(क) उपसर्गबाट शब्द निर्माण**

कुनै मूल शब्द वा आधार पदका अघि जोडिन आउने भाषिक एकाइलाई उपसर्ग भनिन्छ । आधार पदको अघिल्तिर उपसग थपेर शब्द बनाउने प्रक्रियालाई उपसर्गबाट शब्द निर्माण भनिन्छ । यो शब्दका अघिल्तिर गाँसिने हुँदा यसलाई पूर्व सर्ग पनि भनिएको पाइन्छ । उपसर्गद्वारा निर्मित केही तत्सम र नेपाली (तद्भव) शब्दहरू तल दिइएका छन् :

| उपसर्ग | शब्द निर्माण प्रक्रिया | निर्मित शब्द |
|---|---|---|
| अ | अ+ज्ञान | अज्ञान |
| | अ+समान | असमान |
| | अ+विश्वास | अविश्वास |
| | अ+चेत | अचेत |
| | अ+काल | अकाल |
| अधि | अधि+पति | अधिपति |
| | अधि+राज्य | अधिराज्य |
| | अधि+अक्ष | अध्यक्ष |
| | अधि+करण | अधिकरण |
| | अधि+वक्ता | अधिवक्ता |

| | | |
|---|---|---|
| अनु | अनु+गमन | अनुगमन |
| | अनु+मान | अनुमान |
| | अनु+दान | अनुदान |
| | अनु+शासन | अनुशासन |
| अन् | अन्+आस्था | अनास्था |
| | अन्+आदर | अनादर |
| | अन्+उचित | अनुचित |
| अप | अप+मान | अपमान |
| | अप+भ्रंश | अपभ्रंश |
| | अप+अङ्ग | अपाङ्ग |
| | अप+ईक्षा | अपेक्षा |
| अभि | अभि+मान | अभिमान |
| | अभि+प्राय | अभिप्राय |
| | अभि+व्यक्ति | अभिव्यक्ति |
| | अभि+इष्ट | अभीष्ट |
| अव | अव+गुण | अवगुण |
| | अव+सान | अवसान |
| | अव+चेतन | अवचेतन |
| | अव+मूल्यन | अवमूल्यन |
| आ | आ+गमन | आगमन |
| | आ+धार | आधार |
| | आ+भार | आभार |
| | आ+शङ्का | आशङ्का |
| उत् | उत्+थान | उत्थान |
| | उत्+कर्ष | उत्कर्ष |
| | उत्+नत | उन्नत |
| | उत्+सर्ग | उत्सर्ग |
| | उत्+तर | उत्तर |
| उप | उप+हार | उहार |
| | उप+ईक्षा | उपेक्षा |
| | उप+योग | उपयोग |
| | उप+अध्यक्ष | उपाध्यक्ष |



| | | |
|---|---|---|
| प्र | प्र+कार | प्रकार |
| | प्र+चण्ड | प्रचण्ड |
| | प्र+विधि | प्रविधि |
| प्रति | प्रति+वेदन | प्रतिवेदन |
| | प्रति+घात | प्रतिघात |
| | प्रति+मूर्ति | प्रतिमूर्ति |
| | प्रति+एक | प्रत्येक |
| परा | परा+क्रम | पराक्रम |
| | परा+जय | पराजय |
| | परा+काष्ठ | पराकाष्ठा |
| | परा+अस्त | परास्त |
| परि | परि+भाषा | परिभाषा |
| | परि+स्थिति | परिस्थिति |
| | परि+वर्तन | परिवर्तन |
| | परि+योजना | परियोजना |
| दुर् | दुर्+गम | दुर्गम |
| | दुर्+आशय | दुराशय |
| | दुर्+व्यवहार | दुर्व्यवहार |
| | दुर्+गुण | दुर्गुण |
| दुस् | दुस्+साहस | दुस्साहस |
| | दुस्+कर्म | दुष्कर्म |
| | दुस्+चरित्र | दुश्चरित्र |
| | दुस्+परिणाम | दुष्परिणाम |
| निर् | निर्+नय | निर्णय |
| | निर्+गुण | निर्गुण |
| | निर्+अङ्कुश | निरङ्कुश |
| | निर्+जल | निर्जल |
| निस् | निस्+कर्ष | निष्कर्ष |
| | निस्+सार | निस्सार |
| | निस्+पक्ष | निष्पक्ष |
| | निस्+चय | निश्चय |

Mid-Western University
Central Library
Birendranagar Surkhet

| | | |
|---|---|---|
| सम् | सम्+योग | संयोग |
| | सम्+कल्प | सङ्कल्प |
| | सम्+सार | संसार |
| | सम्+विधान | संविधान |
| सह | सह+यात्री | सहयात्री |
| | सह+योग | सहयोग |
| | सह+पाठी | सहपाठी |
| | सह+भागी | सहभागी |
| सु | सु+कर्म | सुकर्म |
| | सु+पुत्र | सुपुत्र |
| | सु+योग्य | सुयोग्य |
| | सु+आगत | स्वागत |
| अ | अ+बुझ | अबुझ |
| | अ+पुग | अपुग |
| | अ+सजिलो | असजिलो |
| | अ+लच्छिन | अलच्छिन |
| अन | अन+पढ | अनपढ |
| | अन+मोल | अनमोल |
| | अन+गिन्ति | अनगिन्ती |
| | अन+कण्टार | अनकण्टार |
| कु | कु+कर्म | कुकर्म |
| | कु+विचार | कुविचार |
| | कु+वाटो | कुवाटो |
| | कु+रीति | कुरीति |
| गैर | गैर+कानुनी | गैरकानुनी |
| | गैर+सरकारी | गैरसरकारी |
| | गैर+जिम्मेवार | गैरजिम्मेवार |
| | गैर+नेपाली | गैरनेपाली |
| ना | ना+बालक | नाबालक |
| | ना+लायक | नालायक |
| | ना+मर्द | नामर्द |
| | ना+जायज | नाजायज |



| | | |
|---|---|---|
| बद् | बद्+नाम | बद्नाम |
| | बद्+मास | बद्मास |
| | बद्+ख्वाइँ | बद्ख्वाइँ |
| | बद्+नियत | बद्नियत |
| बि | बि+जोर | बिजोर |
| | बि+सन्चो | बिसन्चो |
| | बि+छोड | बिछोड |
| | बि+जोर | बिजोर |
| बे | बे+कार | बेकार |
| | बे+कम्मा | बेकम्मा |
| | बे+हाल | बेहाल |
| | वे+इमान | वेइमान |

**(ख) प्रत्ययबाट शब्द निर्माण**

आधार पद वा मूल शब्दको पछाडि गाँसिने सर्गलाई प्रत्यय भनिन्छ । धातु, शब्द वा आधार पदका पछाडि आउने भएकाले यसलाई परसर्ग पनि भनिन्छ । यिनको स्वतन्त्र अर्थ हुँदैन तर धातु वा मूल शब्दमा जोडिएर यिनले अर्थयुक्त शब्दको निर्माण गर्दछन् । प्रत्यय पनि क्रियाको धातुमा जोडिन आएमा त्यसलाई कृत प्रत्यय भनिन्छ । नाम, सर्वनाम, विशेषण र अव्ययमा जोडिने प्रत्ययलाई चाहि तद्धित प्रत्यय भनिन्छ । प्रत्ययबाट निर्मित केही शब्दहरू निम्न लिखित छन् ।

**(अ) नेपाली कृत प्रत्यय र शब्द निर्माण**

| प्रत्यय | निर्माण प्रक्रिया | निर्मित शब्द |
|---|---|---|
| अक्कड | बुझ्+अक्कड | बुझक्कड |
| | भुल्+अक्कड | भुलक्कड |
| | घुम्+अक्कड | घुमक्कड |
| | बोल्+अक्कड | बोलक्कड |
| अन | चर्+अन | चरन |
| | मर्+अन | मरन |
| | खट्+अन | खटन |
| | राख्+अन | राखन |

| | | |
|---|---|---|
| अनी | सोध्+अनी | सोधनी |
| | ढाक्+अनी | ढकनी |
| | काट्+अनी | कटनी |
| | चाट्+अनी | चटनी |
| अन्ते | घोक्+अन्ते | घोकन्ते |
| | रट्+अन्ते | रटन्ते |
| | उड्+अन्ते | उडन्ते |
| | घुम्+अन्ते | घुमन्ते |
| आ | छाप्+आ | छापा |
| | लेख्+आ | लेखा |
| | भाक्+आ | भाका |
| | गुजार्+आ | गुजारा |
| आइ | पढ्+आइ | पढाइ |
| | लेख्+आइ | लेखाइ |
| | छाप्+आइ | छपाइ |
| | रू +आइ | रूवाइ |
| आउ | घेर्+आउ | घेराउ |
| | टिक्+आउ | टिकाउ |
| | बच्+आउ | बचाउ |
| | पक्र+आउ | पक्राउ |
| आरो | जोत्+आरो | जोतारो |
| | पोत्+आरो | पोतारो |
| | छेक्+आरो | छेकारो |
| आहा | मिच्+आहा | मिचाहा |
| | पिर्+आहा | पिराहा |
| | हेप्+आहा | हेपाहा |
| | सन्क+आहा | सन्काहा |
| इलो | रस्+इलो | रसिलो |
| | कस्+इलो | कसिलो |
| | खाँद+इलो | खदिलो |
| | चम्क+इलो | चम्किलो |



| | | |
|---|---|---|
| इन्जेल | पढ्+इन्जेल | पढिन्जेल |
| | खा+इन्जेल | खाइन्जेल |
| | बस् +इन्जेल | बसिन्जेल |
| ई | नेपाल +ई | नेपाली |
| | खोज+ई | खोजी |
| | खोक्+ई | खोकी |
| उवा | सुत्+उवा | सुतुवा |
| | भर+उवा | भरूवा |
| | भुट्+उवा | भुटुवा |
| | डुल+उवा | डुलुवा |
| एको | पढ्+एको | पढेको |
| | सुत्+एको | सुतेको |
| | सम्भ्र+एको | सम्भ्रेको |
| | हु+एको | भएको |
| आव | चुन्+आव | चुनाव |
| | भ्रुक्+आव | भ्रुकाव |
| | सुभ्र्+आव | सुभ्राव |
| ओट | बन्+ओट | बनोट |
| | लेख्+ओट | लेखोट |
| | बुन्+ओट | बुनोट |

**(आ) संस्कृत कृत प्रत्ययबाट शब्द निर्माण**

| | | |
|---|---|---|
| अक | सेव+अक | सेवक |
| | लिख+अक | लेखक |
| | कृ+अक | कारक |
| | दृश+अक | दर्शक |
| अन | श्रु+अन | श्रवण |
| | दृश+अन | दर्शन |
| | लिख्+अन | लेखन |
| | कथ्+अन | कथन |
| अनीय | आदर+अनीय | आदरणीय |
| | पूज्+अनीय | पूजनीय |
| | रम्+अनीय | रमणीय |
| | पठ्+अनीय | पठनीय |

| | | |
|---|---|---|
| आ | शिक्ष्+आ<br>रक्ष्+आ<br>भिक्ष्+आ<br>पूज्+आ | शिक्षा<br>रक्षा<br>भिक्षा<br>पूजा |
| इका | शिक्ष+इका<br>सेव+इका<br>गै+इका<br>नै+इका | शिक्षिका<br>सेविका<br>गायिका<br>नायिका |
| इत | सृज्+इत<br>सूच्+इत<br>पठ+इत<br>कथ्+इत | सृजित<br>सूचित<br>पठित<br>कथित |
| त | च्यु+त<br>कृ+त<br>मृ+त<br>मुच्+त | च्युत<br>कृत<br>मृत<br>मुक्त |
| ता | कृ+ता<br>सृज्+ता<br>भुज्+ता<br>श्रु+ता | कर्ता<br>स्रष्टा<br>भोक्ता<br>श्रोता |
| तव्य | कृ+तव्य<br>वच्+तव्य<br>गम्+तव्य<br>भू+तव्य | कर्तव्य<br>वक्तव्य<br>गन्तव्य<br>भवितव्य |
| ति | दृश+ति<br>नी+ति<br>गम्+ति<br>मुच्+ति | दृष्टि<br>नीति<br>गति<br>मुक्ति |
| य | कथ्+य<br>गद्+य<br>भिद्+य<br>पठ्+य | कथ्य<br>गद्य<br>भेद्य<br>पाठ्य |



(ङ) नेपाली तद्धित प्रक्रियाबाट शब्द निर्माण

| तद्धित प्रत्यय | निर्माण प्रक्रिया | निर्मित शब्द |
|---|---|---|
| अडी | झुप्रो+अडी<br>गाँजा +अडी<br>थप्प+अडी | झुपडी<br>गँजडी<br>थपडी |
| आ | काख+आ<br>टाँक+आ<br>खात+आ<br>हात+आ | काखा<br>टाँका<br>खाता<br>हाता |
| आइँ | काज+आइँ<br>फाटो +आइँ<br>बस +आइँ<br>राज +आइँ | कजाइँ<br>फटाइँ<br>बसाइँ<br>रजाइँ |
| आन | खस्+आन<br>शिर +आन<br>घर+आन<br>चिर +आन | खसान<br>सिरान<br>घरान<br>चिरान |
| आली | हिम+आली<br>हरियो +आली<br>लेक+आली<br>थाक +आली | हिमाली<br>हरियाली<br>लेकाली<br>थकाली |
| आलु | खर्च+आलु<br>दुध+आलु<br>बैंस+आलु<br>माइत+आलु | खर्चालु<br>दुधालु<br>बैंसालु<br>मैतालु |
| इया | सहर+इया<br>आधा+इया<br>हाट+इया<br>भारी +इया | सहरिया<br>अँधिया<br>हटिया<br>भरिया |

| | | |
|---|---|---|
| इयार | अंश+इयार | अंशियार |
| | हात +इयार | हतियार |
| | अख्त+इयार | अख्तियार |
| | साँध+इयार | सँधियार |
| एटो | गाग्रो + एटो | गग्रेटो |
| | गोडा +एटो | गोरेटो |
| | खर+एटो | खरेटो |
| एरो | पानी + एरो | पँधेरो |
| | काठ + एरो | कटेरो |
| | पाखा + एरो | पखेरो |
| | कप्ट + एरो | कप्टेरो |
| एली | युरोप+एली | युरोपेली |
| | जुन+एली | जुनेली |
| | बैतडी +एली | बैतडेली |
| | पूर्व+एली | पूर्वेली |
| औटो | शिला+औटो | सिलौटो |
| | बालुवा+औटो | बलौटो |
| | मुख+औटो | मुखौटो |
| औरो | धूप+औरो | धुपौरो |
| | घाम्+औरो | घमौरो |
| | काँच+औरो | कचौरो |
| नी | थारू+नी | थारूनी |
| | साहू+नी | साहुनी |
| | चाँद+नी | चाँदनी |
| | पण्डित+नी | पण्डितनी |
| दार | इमान+दार | इमानदार |
| | जमिन+दार | जमिनदार |
| | ओजन+दार | ओजनदार |
| | हक+दार | हकदार |



### (ई) संस्कृत तद्धित प्रक्रियाबाट शब्द निर्माण

| तद्धित प्रत्यय | निर्माण प्रक्रिया | निर्मित शब्द |
|---|---|---|
| आ | धारण+आ | धारणा |
| | साधन+आ | साधना |
| | छात्र+आ | छात्रा |
| | कृष्ण+आ | कृष्णा |
| आलु | माया+आलु | मायालु |
| | शङ्का+आलु | शङ्कालु |
| | विष+आलु | विषालु |
| | इर्ष्या+आलु | ईर्ष्यालु |
| इक | अर्थ+इक | आर्थिक |
| | धर्म+इक | धार्मिक |
| | भाषा+इक | भाषिक |
| | पुराण+इक | पौराणिक |
| | वेद+इक | वैदिक |
| इत | पीडा+इत | पीडित |
| | मर्यादा+इत | मर्यादित |
| | घृणा+इत | घृणित |
| | निन्दा+इत | निन्दित |
| इम | स्वर्ण+इम | स्वर्णिम |
| | अग्र+इम | अग्रिम |
| | रक्त+इम | रक्तिम |
| | पश्च+इम | पश्चिम |
| इमा | अरूण+इमा | अरूणिमा |
| | गुरु+इमा | गरिमा |
| | महत्+इमा | महिमा |
| | नील+इमा | नीलिमा |
| ई | शास्त्र+ई | शास्त्री |
| | योग+ई | योगी |
| | रोग+ई | रोगी |

| | | |
|---|---|---|
| ईन | कुल+ईन<br>प्राच+ईन<br>नव+ईन<br>युग+ईन | कुलीन<br>प्राचीन<br>नवीन<br>युगीन |
| ईय | क्षेत्र+ईय<br>केन्द्र+ईय<br>मानव+ईय<br>स्तर+ईय | क्षेत्रीय<br>केन्द्रीय<br>मानवीय<br>स्तरीय |
| तः | पूर्ण+तः<br>अंश+तः<br>अन्त+तः<br>मूल+तः | पूर्णतः<br>अंशतः<br>अन्ततः<br>मूलतः |
| तम | श्रेष्ठ+तम<br>महत्+तम<br>लघु+तम<br>उच्च+तम | श्रेष्ठतम<br>महत्तम<br>लघुत्तम<br>उच्चतम |
| ता | पवित्र+ता<br>मित्र+ता<br>नवीन+ता<br>कवि+ता | पवित्रता<br>मित्रता<br>नवीनता<br>कविता |
| तत्व | कवि+त्व<br>व्यक्ति+त्व<br>प्रभु+त्व<br>गुरु +त्व | कवित्व<br>व्यक्तित्व<br>प्रभुत्व<br>गुरूत्व |
| य | धीर+य<br>वीर+य<br>सुन्दर+य<br>सभा+य | धैर्य<br>वीर्य<br>सौन्दर्य<br>सभ्य |
| वत् | मित्र+वत्<br>यथा+वत् | मित्रवत्<br>यथावत |



| | | |
|---|---|---|
| | पूर्व+वत्<br>शत्रु+वत् | पूर्ववत्<br>शत्रुवत् |
| वी | माया+वी<br>मेधा+वी<br>तेजस् +वी<br>तपस् +वी | मायावी<br>मेधावी<br>तेजस्वी<br>तपस्वी |
| शः | क्रम+श<br>अक्षर+श<br>प्राय+श<br>शत+श | क्रमशः<br>अक्षरशः<br>प्रायशः<br>शतशः |

## १.३.२ समास प्रक्रिया र शब्द निर्माण

समास शब्द निर्माण गर्ने एउटा महत्वपूर्ण प्रक्रिया हो । दुई वा दुई भन्दा बढी शब्दहरूलाई मिलाएर एउटा नयाँ शब्द निर्माण गर्ने कामलाई समास भनिन्छ । यो धेरै शब्दहरूलाई सङ्क्षेपमा मिलाएर एउटा शब्द व्युत्पादन गर्ने प्रक्रिया हो । समास हुनु पूर्वको शब्दहरूलाई विग्रह भनिन्छ । समास प्रक्रिया सम्पन्न भई निर्माण हुने शब्दलाई समस्त शब्द भनिन्छ ।

जस्तैः

| विग्रह | समास प्रक्रिया | समस्त शब्द |
|---|---|---|
| रातमा अन्धो | विभक्ति लोप | रतन्धो |
| भाइलाई मारा | विभक्ति लोप | भाइमारा |
| आगो र पानी | संयोजक लोप | आगोपानी |
| गोरूले चल्ने गाडा | शब्द लोप | गोरूगाढा |

माथि दिइएका उदाहरूण मध्ये पहिलोमा रातमा अन्धो दुई शब्दको मेल भई विभक्ति लोप भएर एउटै रतन्धो शब्दको निर्माण भएको छ । दोस्रो उदाहरणमा भाइलाई र मारा दुई शब्द मिलेर एउटा भाइमारा शब्द बनेको छ । यसमा 'लाई' विभक्ति लोप भएको छ । यसैगरी तेस्रो उदाहरणमा संयोजक र चौथोमा बीचको शब्द नै लोप भई एउटा शब्द बनेको छ । यसरी समास प्रक्रियामा विभिन्न शब्दहरूको मेल हुँदा कुनै शब्द लोप हुने, कुनै आगमन हुने र कुनैमा सन्धि भई नयाँ शब्द व्युत्पन्न भई तिनले विशिष्ट अर्थ व्यक्त गर्दछन् ।

**समासका प्रकार :**

समास प्रक्रियामा जोडिने शब्द र तिनले प्रदान गर्ने अर्थको प्रधानताका आधारमा नेपाली समासलाई निम्न छ प्रकारमा वर्गीकरण गरिएको छ :

→ तत्पुरूष समास
→ कर्मधारय समास
→ द्विगु समास
→ द्वन्द्व समास
→ अव्ययीभाव समास
→ वहुव्रीही समास

१. **तत्पुरूष समास :** दुई शब्दका वीच समास हुँदा अघिल्लो शब्दमा लागेको विभक्ति लोप हुने समासलाई तत्पुरूष समास भनिन्छ। यसमा पछिल्लो शब्दको अर्थ प्रधान हुन्छ। जस्तै:

| | | |
|---|---|---|
| घरलाई भंडुवा | - | घरभंडुवा |
| बाटालाई खर्च | - | वाटो खर्च |
| भाइलाई मारा | - | भाइमारा |
| वचनले बद्ध | - | वचनवद्ध |
| बुद्धिले जीवी | - | बुद्धिजीवी |
| भान्छाका लागि घर | - | भान्छाघर |
| देका निम्ति भक्ति | - | देशभक्ति |

२. **कर्मधारय समास**

नाम र नाम, विशेषण र विशेष्य, विशेषण र विशेषण, उपमान र उपमेय, आरोप र आरोप्यका बीच मेलभई बन्ने समासलाई कर्मधारय समास भनिन्छ। यसमा पनि अघिल्लो शब्दको भन्दा पछिल्लो शब्दको अर्थ प्रमुख हुने गर्छ। जस्तै:

| **विग्रह** | | | | **समस्त शब्द** |
|---|---|---|---|---|
| गुरु | + | आमा | = | गुरुआमा |
| मामा | + | ससुरा | = | मामाससुरा |
| नानी | + | मैयां | = | नानीमैयां |
| ठूलो | + | दाइ | = | ठूल्दाइ |
| जेठो | + | बाठो | = | जेठोबाठो |
| हर्ता | + | कर्ता | = | हर्ताकर्ता |

| | | |
|---|---|---|
| चन्द्र जस्तो विन्दू | = | चन्द्रविन्दु |
| प्राणभैँ प्रिय | = | प्राणप्रिय |
| बोकाको जस्तो दारी | = | बोकेदारी |
| विद्या नै धन | = | विद्याधन |
| कालरूपी चक्र | = | कालचक्र |
| विवाह + बन्धन | = | विवाहवन्धन |
| ज्ञानरूपी अमृत | = | ज्ञानामृत |

३. **द्विगु समास :**

सङ्ख्यावाचक विशेषण र समूहवाचक नाम मिलेर नयाँ शब्द बन्ने र पछिल्लो अर्थ प्रधान हुने समासलाई द्विगु समास भनिन्छ। जस्तै:

| | | |
|---|---|---|
| दुई नदीको समूह | = | दोभान |
| दुई साँधको समूह | = | दोसाँध |
| तीन वटा भूजाको समूह | = | त्रिभुज |
| चारवटा वेदको समूह | = | चतुर्वेद |
| चारवटा पाउ हुने | = | चौपाया |
| पाँच कन्याको समूह | = | पञ्चकन्या |
| सात ऋषिको समूह | = | सप्तऋषि/सप्तर्षि |
| नौ दुर्गाको समूह | = | नवदुर्गा |
| दस अवतारको समूह | = | दशावतार |

४. **द्वन्द्व समास :**

समान महत्व र अर्थ भएका दुई वा दुईभन्दा वढी शब्दका बीच मेल भई दुवै शब्दको अर्थ प्रधान हुने शब्दलाई द्वन्द्व समास भनिन्छ। यस प्रक्रियामा शब्दहरूको बीचमा आउने र, वा, न, पनि जस्ता संयोजक लोप हुने गर्छन्। जस्तै:

| | | |
|---|---|---|
| छोरा र छोरी | = | छोराछोरी |
| भार र पात | = | भारपात |
| कथा र काहनी | = | कथाकहानी |
| जग्गा र जमिन | = | जग्गाजमिन |
| घाम र पानी | = | घामपानी |
| वाद र विवाद | = | वादविवाद |
| पाप वा पुण्य | = | पापपुण्य |
| नुन पनि तेलपनि | = | नुनतेल |

५. **अव्ययीभाव समास :**

अव्ययसँग अव्यय वा अव्ययसँग नामिक पद (नाम, सर्वनाम, विशेषण) शब्द मिलेर बन्ने समासलाई अव्ययीभाव समास भनिन्छ । यसमा आउने शब्दहरू मध्ये अव्यय शब्द नै प्रधान हुन्छ । जस्तै:

| | | | | |
|---|---|---|---|---|
| आज | + | भोलि | = | आजभोलि |
| अघि | + | तिर | = | अघिल्तिर |
| हिजो | + | आज | = | हिजोआज |
| हर | + | दिन | = | हरदिन |
| प्रति | + | वर्ष | = | प्रतिवर्ष |
| हरेक घडी | | | = | हरघडी |
| शक्तिले भ्याएसम्म | | | = | यथाशक्ति |
| मृत्यु | + | पर्यन्त | = | मृत्युपर्यन्त |
| आग्रह | + | पूर्वक | = | आग्रहपूर्वक |
| डाँडा | + | पारि | = | डाँडापारि |
| जन्म | + | भर | = | जन्मभर |

६. **बहुव्रीहि समास**

दुई वा दुई भन्दा बढी शब्दका बीच मेल भएर अघिल्ला र पछिल्ला शब्दको अर्थ गौण भई अन्त्य अर्थ प्रधान हुने समासलाई बहुव्रीहि समास भनिन्छ । जस्तै:

| | | |
|---|---|---|
| चन्द्रमा जस्तो मुख भएकी | = | चन्द्रमुखी (युवती) |
| हात्तीको जस्तो पाइला भएको | = | हात्तीपाइले (रोग) |
| माछाको जस्तो पुच्छर भएको | = | माछापुच्छ्रे (हिमाल) |
| नील छ कण्ठ जसको | = | नीलकण्ठ (शिव) |
| लामा खुट्टा छन् जसका | = | लामखुट्टे (मच्छर) |
| सयपत्र छन् जसका | = | सयपत्री (फूल) |
| गोबरको गणेश जस्ता छ जो | = | गोबर गणेश (बुद्धु) |
| दस गजको परिणाम भएको छ जे | = | दसगजा (सिमाना) |
| लाज नभएको | = | निर्लज्ज (मानिस) |



## १.३.३ द्वित्व प्रक्रिया र शब्द निर्माण

द्वित्व भनेको दोहोरिनु हो । एउटै शब्दलाई दोहोऱ्याएर नयाँ शब्द बनाउने प्रक्रियालाई द्वित्व भनिन्छ । यस प्रक्रियाबाट शब्द निर्माण हुँदा कही पूर्ण र कही आंशिक रूपमा शब्दहरू दोहोरिन्छन् । कही ध्वनि र रूपमा परिवर्तन हुन्छ तर अर्थ भने परिवर्तन हुँदैन । द्वित्व प्रक्रियाबाट बन्ने शब्दलाई द्विरूक्त भनिन्छ ।

जस्तै:

| | | | | |
|---|---|---|---|---|
| तल् | + | तल् | = | तलतल |
| गाउँ | + | गाउँ | = | गाउँगाउँ |
| आफ्नो | + | आफ्नो | = | आ-आफ्नो |
| सानो | + | सानो | = | स-सानो |
| भात | + | भात | = | भातसात |
| पैंचो | + | पैंचो | = | ऐंचोपैंचो |

**द्वित्वका प्रकार**

१. **पूर्ण द्वित्व :** कुनै शब्दलाई जस्ताको त्यस्तै पुनरावृत्त गरी नयाँ शब्द बनाउने प्रक्रियालाई पूर्ण द्वित्व भनिन्छ । जस्तै:

| **द्वित्व प्रक्रिया** | **द्वित्व (द्विरूक्त) शब्द** |
|---|---|
| घर+घर | घरघर |
| सल+सल | सलसल |
| तल+तल | तलतल |
| खै+खै | खैखै |
| वन+वन | वनवन |

२. **आंशिक द्वित्व :**

शब्दको हुवहु नभई कुनै खास अंशको पुनरावृत्ति गरेर नयाँ शब्द निर्माण गर्ने प्रक्रियालाई आंशिक द्वित्व भनिन्छ । यसमा एउटा शब्दको पूरै अंश र अर्को शब्दको केही अंश मात्र दोहोरिन्छ । जस्तै:

| | | | | |
|---|---|---|---|---|
| झल्को | + | झल्को | = | झझल्को |
| आफ्नो | + | आफ्नो | = | आ-आफ्नो |
| कसको | + | कसको | = | ककसको |
| गहना | + | गहना | = | गरगहना |
| छिमेक | + | छिमेक | = | छरछिमेक |

३. **आपरिवर्तित द्वित्व :**

कुनै शब्दको पुनरावृत्ति गर्दा ध्वन्यात्मक परिवर्तन भएमा त्यस्तो द्वित्वलाई अपरिवर्तित द्वित्व भनिन्छ । यस प्रक्रियामा एउटा शब्द जस्ताको तस्तै रहन्छ र अर्को शब्दमा भने नयाँ ध्वनिको आगमन हुन्छ । जस्तै:

| | | | | |
|---|---|---|---|---|
| भात | + | भात | = | भातसात |
| निफन | + | निफन | = | निफननाफन |
| पालो | + | पालो | = | आलेपालो |
| पैंचो | + | पैंचो | = | ऐंचोपैंचो |
| हल्ला | + | हल्ला | = | हल्लाखल्ला |

## १.३.४ मिश्रण प्रक्रिया र शब्द निर्माण

पहिलो शब्दको पहिलो अंश र पछिल्लो शब्दको पछाडिको अंश मिलाएर नयाँ शब्द वनाउने प्रक्रियालाई मिश्रण प्रक्रिया भनिन्छ । जस्तै:

| | | | | |
|---|---|---|---|---|
| वनेल | + | सुँगुर | = | बङ्गुर |
| कण्ठ | + | टालो | = | कठालो |
| भारतेली | + | युरोपेली | = | भारोपेली |
| युरोप | + | एसिया | = | युरेसिया |
| नेपाली | + | अङ्ग्रेजी | = | नेपाङ्ग्रेजी |

## १.३.५ संक्षेपीकरण र शब्द निर्माण

प्रत्यक शब्दका सुरु सुरुका वर्ण वा अक्षर मात्र लिई शब्द निर्माण गर्ने प्रक्रियालाई संक्षेप वा संक्षेपीकरण प्रक्रिया भनिन्छ । जस्तै:

| | |
|---|---|
| त्रिभुवन विश्वविद्यालय | = त्रिवि/त्रि.वि. |
| मध्यपश्चिमाञ्चल विश्वविद्यालय | = म.प.वि. |
| राष्ट्रिय समाचार समिति | = रासस/रा.स.स. |
| व्याचलर इन एजुकेसन | = विएड/बी.एड. |
| प्राध्यापक डाक्टर | = प्रा.डा |

## १.३.६ सन्धि प्रक्रिया र शब्दनिर्माण

दुई वटा शब्दका ध्वनि बीच हुने संगम वा मेललाई सन्धि भनिन्छ । यस प्रक्रियामा अघिल्लो शब्दको पछाडिको अंश र पछिल्लो शब्दको अगाडिको अंश मेल भई नयाँ शब्दको निर्माण हुन्छ । यसरी दुई शब्दका दुई नजिकमा रहेका




भाषिक तत्वका बीच सीमा स्थलमा हुने मेललाई सन्धि भनिन्छ । यस प्रक्रियामा शब्दका रूपमा ध्वनिमा समेत परिवर्तन आउने भएकाले आधुनिक भाषा विज्ञानमा यसलाई रूपध्वन्यात्मक परिवर्तन पनि भनिएको पाइन्छ । जस्तै:

| | | | | |
|---|---|---|---|---|
| समाज | + | इक | = | सामाजिक |
| पुस्तक | + | आलय | = | पुस्तकालय |
| सूर्य | + | उदय | = | सूर्योदय |
| कवि | + | इन्द्र | = | कवीन्द्र |
| प्रति | + | एक | = | प्रत्येक |

**सन्धिका प्रकार**

सन्धिलाई विभिन्न आधारमा वर्गीकरण गरी प्रकार छुट्याइने गरेको पाइन्छ । मुख्यत: यसलाई क्षेत्रगत आधारमा आन्तरिक र बाह्य सन्धि गरी दुई प्रकारमा विभाजन गर्न सकिन्छ । यसैगरी भाषिक स्रोतलाई आधारमा मानी नेपाली सन्धि र संस्कृत सन्धि गरी दुई प्रकारमा विभाजन गर्न सकिन्छ । यसलाई निम्न रेखा चित्रबाट थप स्पष्ट पार्न सकिन्छ :

चित्रबाट थप स्पष्ट पार्न सकिन्छ :



## १. भाषिक क्षेत्रका आधारमा :

सन्धि हुँदा एउटै शब्दको क्षेत्रभित्र ध्वन्यात्मक परिवर्तन हुने वा दुई शब्दका क्षेत्रमा रहेका ध्वनि बीच हुने भन्ने आधारमा यसलाई आन्तरिक सन्धि र वाह्य सन्धि गरी दुई प्रकारमा वर्गीकरण गर्न सकिन्छ। तिनको चर्चा तल गरिएको छ

**(क) आन्तरिक सन्धि** : एउटै शब्दभित्र हुने सन्धिलाई आन्तरिक सन्धि भनिन्छ। यस प्रक्रियामा एउटै शब्द भित्र ध्वन्यात्मक परिवर्तन हुन्छ। जस्तै :

केही - क्यै
कहिले - कैले
बहिनी - बैनी
पहाड - पाहाड
बाघ - बाग
सदा - सदैव
विष्णु - विष्णो

**(ख) वाह्य सन्धि** : दुई शब्दका ध्वनि बीच हुने मेललाई वाह्य सन्धि भनिन्छ। यस प्रक्रियामा सन्धि हुँदा आदि वा मध्य भागमा ध्वनि परिवर्तन हुन्छ।

जस्तै:

खाउ + ऐया = खवैया
ढाँट + उवा = ढँटुवा
लामो + आइ = लमाइ
थाक + आली = थकाली
पण्डित + य = पाण्डित्य
दिति + य = दैत्य
नर + ईश = नरेश
अनु + एषण = अन्वेषण
सत् + जन = सज्जन

## २. भाषिक स्रोतका आधारमा :

भाषिक स्रोतका आधारमा सन्धि दुई प्रकार हुन्छन्। ती हुन् : नेपाली सन्धि र संस्कृत सन्धि।

**(क) नेपाली सन्धि** : सन्धि भाषा विशेषसँग सम्बन्धित हुन्छ। संसारका प्रत्येक भाषामा सन्धिका नियम आ-आफ्नै छन्। नेपाली भाषामा संस्कृत भाषामा जस्तो सन्धि व्यवस्था रहेको छैन। नेपाली भाषामा आफ्नै किसिमको सन्धि व्यवस्था र यसका नियमहरू रहेका छन्।

यसलाई संयोजनगत आधारमा लोप, आगम र आदेश गरी तीन प्रकारमा वर्गीकरण ग र्न सकिन्छ।

(i) **लोप सन्धि** : दुई शब्दका ध्वनिहरूबीच सन्धि हुँदा कुनै ध्वनि हराएर जान्छ भने त्यस्तो सन्धिलाई लोपसन्धि भनिन्छ।

जस्तै:

आउ + एको = आएको (उ लोप)
गाउ + एर = गाएर (ऊ लोप)
लाउ + एको = लाएको (उ लोप)
लम्की + एर = लम्केर (ई लोप)
चम्की + एर = चम्केर (ई लोप)

(ii) **आगम सन्धि** : कुनै दुई ध्वनिका बीच मेल हुँदा नयाँ ध्वनिको आगमन हुने सन्धिलाई आगम सन्धि भनिन्छ। जस्तै:

जा + छ = जान्छ (न् आगमन)
दि + छ = दिन्छ (न् आगमन )
त्यो + ले = त्यसले (स आगमन)
धु + आइ = धुवाइ (व आगमन)
माथि + लो = माथिल्लो (ल आगमन)
अघि + ल्लो = अघिल्लाले (ल आगमन)

(iii) **आदेश सन्धि** : दुई ध्वनिका बीच सन्धि हुँदा एउटा ध्वनिका सट्टामा अर्को ध्वनि आउने प्रक्रियालाई आदेश भनिन्छ। जस्तै:

जा + यो = गयो
हु + यो = भयो
जा + एर = गएर
काट + औटी = कटौती
भित्रि + आहा = भि = याहा
काजी + याइँ = कज्याइँ
पाखो + एरो = पखेरो

**(ख) संस्कृति सन्धि** : संस्कृत भाषाका शब्दभित्र ध्वनिहरूका बीच हुने सन्धिलाई संस्कृत सन्धि भनिन्छ। संस्कृति सन्धि मुख्यतः स्वर सन्धि, व्यञ्जनसन्धि र विसर्ग सन्धि गरी तीन प्रकारका छन् :

(i) **स्वर सन्धि** : दुई स्वर वर्णका बीच सन्धि वा मेल हुँदा ध्वनिमा परिवर्तन आउने सन्धिलाई स्वर सन्धि भनिन्छ। यसमा स्वर ध्वनिसँग स्वर ध्वनिको मेल हुने भएकाले यसलाई स्वर सन्धि भनिएको हो। जस्तै:

सदा + एव् = सदैव (आ+ए = ऐ)

सुख + अन्त = सुखान्त (अ+अ = आ)
राम + अवतार = रामावतार (अ + अ = आ)
विद्या + आलय = विद्यालय -आ + आ = आ)
महा + इन्द्र = महेन्द्र (आ+इ = ए)
सूर्य + उदय = सूर्योदय (अ+उ = ओ)
सु + आगत = स्वागत (उ+आ = वा)
कवि + इन्द्र = कवीन्द्र (इ+इ+ई)
मत + ऐक्य = मतैक्य (अ+ऐ = ऐ)

(ii) **व्यञ्जन सन्धि**

व्यञ्जन ध्वनिसँग स्वर वा व्यञ्जन ध्वनि मिल्दा व्यञ्जन ध्वनिमा परिवर्तन आउने सन्धिलाई व्यञ्जन सन्धि भनिन्छ। जस्तै:

दिक् + अम्बर = दिगम्बर (क्+अ = ग)
लोक् + उक्ति = लोकोक्ति (क्+उ = को)
वाक् + मय = वाङ्मय (क्+म = ङ)
जगत + नाथ = जगन्नाथ (त्+न = न्)
सम् + चार = सञ्चार (म्+च् = ञ)
परि + छेद = परिच्छेद (च आगमन)
अनु + छेद = अनुच्छेद (च आगमन)
लोक + आचार = लोकाचार (क्+आ = का)

(iii) **विसर्ग सन्धि** : व्यञ्जन वा स्वरसँग विसर्ग (ः) को मेल भई नयाँ शब्द निर्माण हुने प्रक्रियालाई विसर्ग सन्धि भनिन्छ। जस्तै:

प्रातः + काल = प्रातकाल
पुनः + जन्म = पुनर्जन्म
मनः + भाव = मनोभाव
मनः + विज्ञान = मनोविज्ञान
वयः + वृद्ध = वयोवृद्ध
निः + जन = निर्जन
निः + चय = निश्चय
निः + फल = निष्फल
तेजः + मय = तजोमय
अधः + गति = अधोगति
नमः + कार = नमस्कार



## अभ्यास

### वस्तुगत बहुवैकल्पिक प्रश्न

**सर्वोपयुक्त उत्तरमा रेजा (√) चिन्ह लगाउनुहोस्।**

१. **स्रोतका आधारमा गरिने शब्दको वर्गीकरण कुन हो ?**
(क) मौलिक र तद्भव (ख) मौलिक र आगन्तुक
(ग) तत्सम र तद्भव (घ) तद्भव र आगन्तुक

२. **तलका मध्ये तत्सम शब्द कुन हो ?**
(क) हात (ख) आगो
(ग) शीर्षक (घ) आज

३. **'तिमी माथि आऊ' वाक्यमा रेखाङ्कित शब्दको वर्ग के हो ?**
(क) नाम (ख) सर्वनाम
(ग) नामयोगी (घ) क्रियायोगी

४. **'पूजनीय' शब्द कुन प्रक्रियाबाट बनेको छ ?**
(क) उपसर्ग (ख) प्रत्यय
(ग) द्वित्व (घ) सन्धि

५. **'निफननाफन' शब्द कुन द्वित्व प्रक्रियाबाट बनेको हो ?**
(क) आपरिवर्तित द्वित्व (ख) आंशिक द्वित्व
(ग) पूर्ण द्वित्व (घ) द्वित्व

६. **एउटै शब्दका क्षेत्रभित्र हुने सन्धिलाई के भनिन्छ ?**
(क) आन्तरिक सन्धि (ख) बाह्य सन्धि
(ग) लोप सन्धि (घ) स्वर सन्धि

७. **'अधोगति' शब्द कुन सन्धिबाट बनेको हो ?**
(क) स्वर सन्धि (ख) व्यञ्जन सन्धि
(ग) विसर्ग सन्धि (घ) आगम सन्धि

८. **'सूर्योदय' कुन सन्धिबाट बनेको शब्द हो ?**
(क) स्वर सन्धि (ख) व्यञ्जन सन्धि
(ग) लोप सन्धि (घ) आगम सन्धि

९. **'कृष्णसँग आऊ' भन्ने वाक्यमा आएको 'सँग' कुन वर्गको शब्द हो ?**
(क) नाम (ख) नामयोगी
(ग) क्रियायोगी (घ) विशेषण

१०. **तकिया र सितारा कुन स्रोतका शब्द हुन् ?**
(क) हिन्दी (ख) संस्कृत
(ग) अरबी (घ) फारसी

**विषयगत प्रश्न**

**तलका प्रश्नहरूको संक्षिप्त उत्तर दिनुहोस् ।**

१. शब्दस्रोत भनेको के हो ? यसका प्रकार उल्लेख गर्नुहोस् ।

२. तत्सम्, तद्भव र आगन्तुक स्रोतका पाँच पाँचवटा शब्द लेख्नुहोस् ।

३. कार्यका आधारमा शब्दलाई कति प्रकारमा वर्गीकरण गरिएको छ ? वर्णन गर्नुहोस् ।

४. शब्द बनोट प्रक्रियाहरूको सोदाहरण संक्षिप्त वर्णन गर्नुहोस् ।

५. तलको अनुच्छेद पढी रेखाङ्कित शब्दहरूको शब्द स्रोत पहिल्याउनुहोस् ।
त्यो राति पनि सधैंको जस्तो साधारण रात्रि थियो । अन्धकारमा मानिसको लोक थाकेर मरेको चिसो, जाडोले कठाङ्ग्रिएको । काजलको आकाशमा एकनाससँग सलमा सितारा झल्केका हेरिदिने कोही छैन । घर घरमा वत्ती निभेका छन् । ढोका , झ्याल टम्म छन् । शून्य सडकका खाँवामा वत्ती घोरिएर भुइँतिर हेरिहेका छन् । निष्पट्ट शान्ति छ सहरमा, झन् जाडोले शान्तिलाई जमोठ जस्तो डल्लो पारेर अडाइदिएको छ । (एकरात कथावाट)

६. निम्नलिखित अनुच्छेद पढी रेखाङ्कित शब्दका शब्दवर्ग पहिल्याउनुहोस् ।
रमेश असल मानिस हो । ऊ सधैं सत्यका पक्षमा लाग्छ । सत्यका मार्गमा हिंड्दा आइपर्ने कठिनाइलाई सहर्ष स्वीकार गर्छ । त्यसैले ऊ सदा देश र जनताका निम्ति सत्कर्म गर्छ । दुनियाले उसलाई स्यावास् भन्छन् । यसर्थ हामीले पनि स्याबासी पाउने काम गर्नुपर्छ ।

७. तलका उपसर्ग र प्रत्यय लगाई तीन तीन वटा शब्द बनाउनुहोस् ।
अधि, सम्, अव, अभि, उप
इक, इत, ईय, आलु, अनीय

८. तलको अनुच्छेद पढी रेखाङ्कित शब्दको वनोट प्रक्रिया देखाउनुहोस् ।
नेपाली समाज आजभोलि राजनीतिले विथोलिएको छ । चुनाव नजिकिंदै गर्दा आ-आफ्नो पार्टीका नेतालाई विजयी गराउन मानिसहरू यथाशक्ति प्रयत्न गरिरहेका छन् । यसले गर्दा छरछिमेकमा रमेश, महेश र रवीन्द्रको परिवारमा मेलमिलाप छैन । हिजो मात्र रवीन्द्रका बुवा र आमाले नौलखा हार र नौगेडी बेचेर आफ्ना नेतालाई जिताउने मनोभाव बनाएका छन् रे । जड्याहा रमेशका बाबु रक्सी धोकेर चौबाटोमा निर्लज्ज दुई जिब्रे कुरा गर्छन रे । यस्तै रहे समाज अधोगतितिर धकेलिन्छ । भाइ फुटे गवाँर लुटे भन्ने लोकोक्ति चरितार्थ हुन्छ ।

☑



एकाइ २

# वाक्यतत्वपरक रचना

## २.१ निर्देशित रचना वाक्यान्तरण

कुनै एक किसिमको वाक्यलाई अर्को किसिमको निर्देशित वाक्यमा रूपान्तरण गर्नुलाई वाक्यान्तरण भनिन्छ । यस प्रक्रियामा एक किसिमको वाक्य रचनालाई निर्देशनका आधारमा अर्को किसिमको वाक्य रचनामा बदल्नुपर्छ । वाक्य वा अनुच्छेद स्तरका भाषिक एकाइमा निर्देशित वाक्यान्तरण गर्न सकिन्छ । यसरी वाक्यान्तरण गर्दा लिङ्ग, वचन, पुरूष, आदर, काल, पक्ष, भाव, वाच्य, करण र अकरण जस्ता व्याकरणिक कोटिका आधारमा गरिन्छ । यस प्रक्रियामा व्याकरणिक कोटि अनुसार पदसङ्गति मिलाउनु अनिवार्य हुन्छ ।

जस्तै:

| **पुलिङ्ग** | **स्त्रीलिङ्ग** |
|---|---|
| दाजु पोखरा जानुभयो । | भाउजू पोखरा जानुभयो । |
| किसानको छोरोले औंठी भेट्यो । | किसानकी छोरीले औंठी भेटाई । |

| **एकवचन** | **बहुवचन** |
|---|---|
| यो केटो असल छ । | यी केटाहरू असल छन् । |
| सीता आइन् । | सीताहरू आए । |

### २.१.१ लिङ्गका आधारमा वाक्यान्तरण

भाले, पोथी र निर्जीव बुझाउने व्याकरणिक कोटिलाई लिङ्ग भनिन्छ । परम्परागत व्याकरण अनुसार भाले बुझाउने शब्दलाई पुलिङ्ग भनिन्छ । पोथी बुझाउने स्त्रीलिङ्ग भनिन्छ । त्यस्तै गरी निर्जीव वस्तु जनाउनेलाई नपुंसक लिङ्ग भनिन्छ । वर्तमान सन्दर्भमा भाले वा पुरूष जनाउनेलाई पुलिङ्ग, स्त्री वा पोथी जनाउनेलाई स्त्रीलिङ्ग भनिन्छ । पशुपन्छी र निर्जीव वस्तु भए ती सबै पुलिङ्ग सरह मानिन्छ । नेपालीमा लिङ्गका आधारमा नाम, विशेषण र